# स्थानीय राजपत्र

## तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९, भागः २ संख्या १३, मिति २०८२ माघ २९ गते


**भाग–२**
**तिनाउ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, दोभान, पाल्पा**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका तिनाउ गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२।०९।१८ को निर्णय बमोजिम संशोधन भएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी निर्देशिका, २०८२

प्रस्तावना : कन्टिन्जेन्सी रकम खर्च गर्ने प्रक्रियालाई व्यवस्थित पारदर्शी बनाउन वाञ्छनीय भएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७ अन्तर्गत अनुसूची-१ को दृष्टव्य: (ग) तथा नियम १२ को उपनियम ४ अन्तर्गत अनुसूची १ (क) को दृष्टव्य : (ङ) ले दिएको अधिकार र तिनाउ गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को प्रयोग गरी तिनाउ गाउँपालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी निर्देशिका,२०८२ बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस निर्देशिकाको नाम 'कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी निर्देशिका, २०८२ रहेको छ।

(२) यो निर्देशिका कार्यपालिकाबाट स्वीकृत भए लगत्तै प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ र स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्छ।

(ख) ‘‘कन्टिन्जेन्सी खर्च" भन्नाले दफा ४ बमोजिम गरीने खर्च सम्झनु पर्छ।

(ग) ‘‘नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ सम्झनुपर्छ।

(च) ‘‘कार्यालय" भन्नाले तिनाउ गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(छ) "वर्क चार्ज स्टाफ खर्च तथा सानातिना अन्य खर्च" भन्नाले दफा ४ (१) बमोजिमको कार्यमा हुने खर्चलाई सम्झनु पर्छ।

## परिच्छेद -२
## कन्टिन्जेन्सी रकम खर्च गर्ने

**३. कन्टिन्जेन्सीबाट सवारी साधन तथा भारी उपकरण खरिद:**

(१) निर्माण /परामर्श/बस्तु खरिद कार्यको नियमित सुपरिवेक्षण तथा अनुगमन गर्ने प्रयोजनको लागि सवारी साधन तथा भारी उपकरण खरिद गर्न गाउँपालिकाको वार्षिक स्वीकृत बजेट तथा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने शसर्त विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको  कन्टिन्जेन्सी बापतको रकमलाई आर्थिक वर्षको सुरुमा स्वीकृत हिसाब गरिएको खर्च गरिने क्षेत्रहरुको अध्ययन गरी पूर्वाधार शाखाबाट अनुसूची १ बमोजिम खर्च कार्ययोजना तयार गरि राखिने छ।

(२) उपदफा (१) बमोजिम खरिद गरिएको सवारी साधन तथा मेशिनरी औजार आवश्यकताको आधारमा कार्यालय  प्रयोजनमा ल्याइनेछ।

(३) उपदफा (२) बमोजिमको ४० प्रतिशतको सीमा भित्र रही कार्यालयले आवश्यक मोटरसाइकल/स्कुटर तथा साना मेशिनरी औजार खरिद समेत गर्न सक्नेछन्।

४. कन्टिन्जेन्सी खर्च शीर्षक:

(१) कन्टिन्जेन्सीको लागि छुट्याइएको रकम अन्तर्गत वर्क चार्ज स्टाफ र अन्य सानातिना खर्च शीर्षकमा प्रयोग तथा खर्च गर्न सकिने छ।

(२) वर्क चार्ज स्टाफ शीर्षकमा छुट्याइएको रकम देहाय बमोजिमको विषयमा खर्च गर्न सकिनेछ :

(क) निर्माण कार्यको सुपरभिजन, सञ्चालन तथा संरक्षणको लागि आवश्यक अस्थायी प्रकृति (करार, ज्यालादारी) को जनशक्ति व्यवस्थापन,

(ख) विवाद समाधान (मध्यस्थता, अदालत) सम्बन्धि खर्च,

(ग) प्रोत्साहन खर्च

(घ) अध्ययन तथा अनुसन्धान खर्च

(ङ) कार्यालयको लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापन

(३) अन्य सानातिना खर्च शीर्षकमा छुट्याइएको रकम देहाय बमोजिमको विषयमा खर्च गर्न सकिनेछ :

(क) निर्माण कार्यसँग सम्बन्धित बोलपत्र/प्रस्ताव तयारी खर्च,

(ख) सूचना प्रकाशन,

(ग) इन्धन,

(घ) स्टेशनरी,

(ङ) फर्निचर,

(च) टेलिफोन,

(छ) विद्युत तथा पानी महशुल खर्च,

(ज) फोटोकपी प्रिन्टर्स कम्प्युटर खरिद,

(झ) बैठक तथा प्रस्तुतिकरण भत्ता,

(ञ) सवारी साधन मर्मत तथा संभार,

(ट) कार्यालय भवन तथा मेशीनरी औजार उपकरणको मर्मत सम्भार खर्च,

(ठ) गै.स.स. परिचालन गरी गराउने सेवाग्राही परिचालनको खर्च,

(ड) नियमित रुपमा कार्यालय व्यवस्थापनको लागि आवश्यक पर्ने अन्य मालसामान खरीदको खर्च,

(ढ) अतिथि सत्कार व्यवस्थापन,

(ण) अन्य फुटकर खर्च ।

(त) योजना अनुगमन सुपरीवेक्षण तथा मुल्याङ्कनमा हुने विविध खर्च र माथि उल्लेखित शिर्षकका खर्च नभई मौज्दात रहेको रकम कार्यालयको मर्मत सम्भार कोष राखि सोही कोष संचालन कार्यविधि वमोजिम खर्च गरिने छ ।

५. कन्टिन्जेन्सी खर्चको अभिलेख राख्नुपर्ने :

(१) यस निर्देशिका बमोजिम प्रत्येक ठेक्काको लागि खर्च भएको कन्टिन्जेन्सी रकमको अभिलेख अनुसूची-२ बमोजिमको ढाँचामा राखी त्यसलाई नापी किताबमा समेत प्रविष्ट गर्नुपर्ने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बढीमा बीस लाख रुपैयाँसम्म विनियोजित बजेट भएका धैरै योजनाहरु हुने बजेट उपशिर्षकहरुको हकमा कन्टिन्जेन्सी रकम खर्च गर्दा सम्बन्धित बजेट उपशिर्षकमा एकमुष्ट खर्च जनाउन सकिनेछ र त्यस्तो एकमुष्ट खर्च रकमलाई समानुपातिक रुपमा बाँडफाँड गरी प्रत्येक ठेक्काको नापि किताबमा कन्टिन्जेन्सी खर्च प्रविष्ट गरी अनुसूची-१ बमोजिमको ढाँचामा बिवरण (ठेक्का नं. बाहेक) तयार गर्नु पर्नेछ।

**६. सुपरीवेक्षक तथा अन्य कर्मचारीहरुको तलब भत्ता भुक्तानी :**

निर्माण कार्यको दैनिक सुपरीवेक्षणमा खटिएका सुपरीवेक्षक तथा अन्य कर्मचारीहरुको तलब भत्ता भुक्तानी गर्दा निजहरुको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बमोजिमको योग्यताको प्रमाणपत्रको प्रतिलिपि र निवेदन एक आर्थिक वर्षमा एकपटक श्रेस्तामा अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

**७. परामर्श सेवामा कार्यालय व्यवस्थापन खर्च :**

कार्यालय व्यवस्थापनको लागि छुट्याइएको रकम दफा ९ मा उल्लेख भएको सीमाभित्र रही अधिकार प्राप्त अधिकारीले दफा ४ बमोजिमको शीर्षकमा खर्च गर्न सक्नेछ र यसरी भएको खर्चका छुट्टै अभिलेख अनुसूची-२ बमोजिम ढाँचामा खडा गरी राख्नु पर्नेछ।

**८. बहुवर्षीय ठेक्कामा कन्टिन्जेन्सी खर्चको व्यवस्थापन :**

(१) बहुवर्षीय ठेक्काको सम्बन्धमा चालु आर्थिक बर्षको लागि अनुमानित खर्च रकमको अनुपातको आधारमा दफा ९ बमोजिमको सिमा भित्र रही कन्टिन्जेन्सी रकम खर्च गर्न सकिनेछ।तर अनुमानित खर्च रकमको अनुपात भन्दा बढी कन्टिन्जेन्सी रकम खर्च गर्नु परेमा अनिवार्य रुपमा कार्यपालिकाको लिखित स्वीकृती लिनु पर्नेछ।

**९. कन्टिन्जेन्सी रकम खर्च गर्ने सिमा :**

(१) कुनै पनि आयोजनाको लागत अनुमानको अधिकतम चार प्रतिशतसम्म कन्टिन्जेन्सी शीर्षक अन्तर्गत छुट्याइ खर्च गर्न सकिनेछ।

(२) खर्च गर्न योग्य कन्टिन्जेन्सी रकमको गणना मूल्य अभिवृद्धि कर बाहेकको लागत अनुमानको आधारमा हिसाब गर्नुपर्नेछ।

(३) ठेक्का सम्झौता हुन बाँकी रहेको अवस्थामा पनि ठेक्का व्यवस्थापनको लागि उपदफा (१) मा उल्लेखित सीमाभित्र रही लागत अनुमानको आधारमा कन्टिन्जेन्सी रकम खर्च गर्न सकिनेछ।

(४) उपदफा (२) बमोजिम खर्च गर्न योग्य कन्टिन्जेन्सी रकममा दफा ३ बमोजिम रकमको पचास/पचास प्रतिशत रकम क्रमशः खर्च चार्ज स्टाफ खर्च र सानातिना अन्य खर्चको लागि यस निर्देशिका बमोजिम खर्च गर्न सकिनेछ।

## परिच्छेद - ३
## विविध

**१०. कन्टिन्जेन्सी रकमको लागत अनुमान तयार गर्ने :**

(१) प्रत्येक आयोजनाको लागत अनुमान स्वीकृत गर्दाको समयमा नै कन्टिन्जेन्सी बापत छुट्याइएको रकमको हकमा अनुसूची-२ बमोजिमको वर्क चार्ज, स्टाफ खर्च र साना तिना अन्य खर्चको लागि के कस्तो कार्यमा के कति खर्च हुने हो सो को समेत अनुमानित लागत तयार गर्नु पर्नेछ।

**११.मापदण्ड तयार गर्ने :**

(१) आयोजना वा कार्यालय प्रमुखको देहायका विषयहरुलाइ समेत आधारमानी कन्टिन्जेन्सी रकमको लागत अनुमान तयार गर्ने सम्बन्धी मापदण्ड तयार गरी स्वीकृत गर्नु पर्नेछ :

(क) आयोजना संचालन हुने क्षेत्रको भौगोलिक अवस्था,

(ख) आयोजना क्षेत्र वरिपरि सोही आयोजनाले संचालन गर्नुपर्ने अन्य आयोजनाहरु,

(ग) कार्यको जटिलता तथा कार्यबोझ,

(घ) सुपरीवेक्षकको लागि चाहिने योग्यता, प्राविधिक क्षमता, जनशक्तिको उपलब्धता ।

(२) आयोजना वा कार्यालय प्रमुखले कार्यालयको सवारी साधनको लागि उपलब्ध हुने इन्धनको सम्बन्धमा समेत निश्चित मापदण्ड तयार गरी सो मापदण्डको आधारमा मात्र इन्धन उपलब्ध गराउनु पर्नेछ ।

**१२. मितव्ययिता कायम गर्नुपर्ने :**

(१) कन्टिन्जेन्सी रकम खर्च गर्दा मितव्ययी रुपमा गर्नु पर्नेछ ।

(२) सार्वजनिक खरिदको बोलपत्र आहवान तथा अन्य सूचना पत्रपत्रिकामा प्रकाशन गर्दा छोटो रुपमा अत्यावश्यक जानकारी मात्रै प्रकाशन गरी सो को विस्तृत सूचना सम्बन्धित विभाग, कार्यालय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइटमा राख्नु पर्नेछ ।

१३. अभिलेख अध्यावधिक गर्नेः

यस निर्देशिका बमोजिम भए गरेको कन्टिन्जेन्सि खर्च रकमको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेछ ।

**१४. विभागीय कारवाही गरीने :**

यो निर्देशिकामा उल्लेखित व्यवस्था विपरीत हुने गरी कन्टिन्जेन्सी रकम खर्च गरेमा सम्बन्धित कार्यालय प्रमुख तथा लेखा प्रमुखलाई प्रचलित कानुन बमोजिम विभागीय कारवाही हुनेछ ।

**१५. प्रचलित कानुनको पालना गर्नुपर्ने :**

यस निर्देशिका बमोजिम कन्टिन्जेन्सी रकम खर्च गर्दा ऐन, नियमावली र अन्य प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

**१६. बाधा अड्काउ फुकाउने अधिकार :**

यस निर्देशिकाको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा वा कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गरी त्यस्तो दुविधा वा बाधा अडकाउ फुकाउन सक्नेछ ।

अनुसुची १

दफा ५ सँग सम्बन्धित

तिनाउ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय दोभान पाल्पा

**कन्टिजेन्सी खर्च विवरण**

आयोजनाको नाम: ठेक्का नं.: कार्यक्रम स्थल: जिल्ला : गा.पा वडा नं.

बजेट उपर्शीषक नं.: लागत अनुमान (मू.अ.क बाहेक): सम्झैता अंक(मू.अ.क बाहेक):

स्वीकृत कन्टिजेन्सी रकम सम्झौता अनुसार कन्टिजेन्सी रकम दफा ९ ले तोकेको सीमा अनुसार गणना गरिएको

स्वीकृत /प्राप्त कन्टिजेन्सी रकम : (अंकमा ) (अक्षरमा )

| | | | | यस आ.व को कन्टिजेन्सी खर्च | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्क चार्ज | | | सानातिना खर्च | | | | | | | | |
| मिति | गो.भौ.न. | खर्च को व्यहोरा | गत आ.ब सम्मको कुल कन्टिजेन्सी खर्च | मस्टरोल ज्याल | परामर्श सेवा | अन्य | इन्धन तथा दैनिक भ्रमण भत्ता खर्च | स्टेशनरी, छपाई, सुचना प्रकाशन आदि | मर्मत सम्भार खर्च | टेलिफोन, वद्युत, पानी | सवारी साधन,उपकरण यन्त्र खरिद तथा भाडा खर्च | बोलपत्र मूल्याङ्कन लगाएत अन्य बैठक वापतको खर्च | अतिथी सत्कार तथा भवन उद्घाटन | विविध खर्च | जम्मा कन्टिजेन्सी खर्च | यो वर्ष सम्मको कन्टिजेन्सी खर्च |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | |

तयार गर्ने                                                                                                                 प्रमाणित गर्ने

आज्ञाले,
दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत
तिनाउ गाउँपालिका